ज्ञान शील एकता

# प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल

## केन्द्रीय कार्यकारिणी समिति बैठक

## १७-१८ मंसीर, २०६७, काठमाडौं । नेपाल

प्रस्ताव क्रमाङ्क-१

### देशको वर्तमान शैक्षिक अवस्था

राष्ट्रको समग्र एवं सर्वाङ्गिण विकासमा शिक्षाको महत्वपूर्ण भूमिका हुन्छ । शिक्षा देशको विकासको धुरी हो । शिक्षा विनाको जीवन कल्पनातीत हुन्छ । शिक्षाले नै देशको सर्वाङ्गिण विकासमा दिगो भूमिका खेलेको हुन्छ । शिक्षाको उज्यालो घामबाट वञ्चित भएका प्रत्येक नेपालीले निरङ्कुश राणाशासनको अन्त्य र प्रजातन्त्रको उदयसँगै शिक्षाप्राप्त गर्ने अवसर त पाए तर उक्त शिक्षाले समाज र राष्ट्रको दिगो विकास गर्न भने सकेन । फलस्वरुप ग्रामीण क्षेत्रमा रहेका धेरै जसो विद्यालयहरू सुव्यवस्थित भवन, दक्ष शिक्षक र पर्याप्त शिक्षण सामग्रीबाट अझैसम्म वञ्चित रहेका छन् भने शहरी क्षेत्रमा रहेका नीजि शिक्षण संस्थाहरूको चर्को शुल्क सर्वसाधारण जनताको पहुँच बाहिर छ । शिक्षाले विद्यार्थीमा शास्वत ज्ञान दिन सकिरहेको छैन र फलस्वरुप राष्ट्रको लगानी खेर गइरहेको छ । साथै विद्यार्थीले आफ्नो, राष्ट्रको र विश्वको मूल्य बुझ्न सकिरहेका छैनन् ।

हिजोसम्म शिक्षालाई केवल जीवन निर्वाहको आधार मात्र बनाउने परिपाटी बस्यो । सरकारमा पुग्ने दलहरूले आफ्नो संस्था अनुकूल शिक्षालाई प्रयोग गरे । शिक्षाको शक्तिलाई गलत कार्यका लागि प्रयोग गरे । जसले गर्दा अझै पनि शिक्षा क्षेत्र अस्तव्यस्त भएको छ । झन त्यसमाथि पनि कुनै पूवार्धारको निर्माण बिना त्रिविले प्रवीणता प्रमाणपत्र तह खारेज गरेपछि उच्च शिक्षा अस्तव्यस्त बनेको छ । अहिले सम्म कुनै ठोस कदम नचाली अभिभावकको जिम्मेवारीबाट बाहिरिँदै उच्च शिक्षा अलपत्र पार्ने त्रि.वि.वि. तथा शिक्षामन्त्रालय प्रति प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक घोर आपत्ति प्रकट गर्दछ ।

देशमा शिक्षा क्षेत्रमा गरिएका लगानीमा हुने राजनीतिक भागबण्डाका कारण शिक्षा क्षेत्रमा आशातीत् सफलता प्राप्त गर्न नसकेको यथार्थ छर्लङ्ग छ । गरीब तथा जेहेन्दार विद्यार्थीका नाममा आउने छात्रवृत्ति राजनीतिक दलले कोटा निर्धारण गरी बाँड्ने, दुर्गम भेगमा शिक्षाका नाममा आएको अनुदान आदिको दुरुपयोग हुने, शिक्षामा समाज अनुकूल शिक्षा प्रदान गर्ने सोचको विकास नगरी दाता केन्द्रित शैक्षिक क्रियाकलाप र योजनाको निर्माण गर्दै आइएको हुँदा नेपालमा समग्र विकासमा शिक्षाले खासै ठूलो भूमिका खेल्न सकेको छैन । त्यसैले देशका महापुरुष, देशको सम्पदा, संस्कृति, देशको भौगोलिक अवस्था आदिको विस्तृतरूपमा अध्ययन अनुसन्धान गरी तिनीहरूबाट समाजालाई प्रेरित गर्नेखालको शैक्षिक प्रणालीको निर्माण गर्न प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक जोडदार माग गर्दछ ।

नेपालमा शैक्षिक पूर्वाधारको रूपमा विद्यालय र विश्वविद्यालय शिक्षा धेरै पहिले देखि लागू गरिएको भएता पनि विभिन्न प्रशासनिक कमजोरी तथा नेतृत्व पंक्तिका ठोस र दीर्घकालीन शैक्षिक नीतिको अभावका कारण देशलाई आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन हुन सकेको छैन । देशकै सबैभन्दा पुरानो र सबैभन्दा बढी जनशक्ति उत्पादन गर्ने त्रिभुवन विश्वविद्यालयको अवस्था समेत दयनीय छ । राजनीतिक दलहरूले आफ्ना भातृसंगठनका नाममा त्रिभुवन विश्वविद्यालयलाई राजनीतिक संरक्षण र शक्ति अभ्यास गर्ने थलो बनाएका छन् । त्रि. वि. वि. राजनीतिक दलका भातृसंगठनको आक्रमणबाट क्षत विक्षत भएको छ । निश्चित शैक्षिक कार्य पात्रो निर्माण गरी सोही अनुसार विद्यार्थी भर्ना, परीक्षा तथा परीक्षाफल प्रकाशन गर्न सकिरहेको छैन । विडम्बना ! भारत जस्तो देशमा जम्मा दुईवटा विश्वविद्यालय विश्वका ५०० उत्कृष्ट विश्वविद्यालयमा पर्न सफल भए भने हाम्रो विश्वविद्यालय कुन स्थानमा पर्छ होला ? के नेपालमा उत्पादित शैक्षिक जनशक्तिको गुणस्तर विश्वबजारमा प्रतिस्पर्धा गर्न सक्ने क्षमता छ कि छैन भनि के अध्ययन गरिएको छ त ? नेपालमा वार्षिक पि.एच.डि. गर्नेहरूको संख्या, तिनको देश र समाज प्रतिको योगदान आदिका बारेमा गहन अध्ययन गरिएको छ त ? पक्कै पनि छैन । त्यसैले सभ्य, संस्कारित र राष्ट्रभक्त दक्षजनशक्तिको निर्माण बिना नेपालको अर्थतन्त्र आत्मनिर्भर हुन सक्दैन

भन्नेतर्फ यो केन्द्रीय कार्यकारिणी समितिको बैठक सरकारको ध्यानाकर्षण गराउन चाहन्छ । साथै शैक्षिक उन्नतिका सूचकहरूको सहीरूपमा आँकलन गरी आवश्यक नीति नियमहरू बनाउनको लागि प्रत्येक दुई वा तीन वर्षमा शैक्षिक सर्वेक्षण गर्ने दिशातर्फ उन्मुख हुन समेत यो बैठक जोडदार माग गर्दछ ।

शिक्षा क्षेत्रको विकराल विकृति नीजि र सामुदायिक विद्यालयबीच देखिएको खाडल हो । यस्तो स्थिति सरकारको प्रष्टनीतिको अभावमा भएको हो । सामुदायिक विद्यालयको खस्कँदो स्थितिले नीजिलाई फस्टाउन सहयोग पुऱ्याएको हो । करीब १५ लाख विद्यार्थी २ लाख शिक्षक र कर्मचारी भएको नीजि क्षेत्रको वार्षिक कारोबार २९ अर्ब रहेको छ भने सामुदायिक विद्यालयको शैक्षिक स्तर निरन्तर खस्कँदो छ । हालैका वर्षहरूमा विदेश पलायन( ब्रेन ड्रेन) हुनेको संख्या अच्चाक्लि बढिरहेको छ । एकातिर यूवाको जनशक्ति - विद्यार्थी, डाक्टर आदि) विदेश पलायन भइरहेका छन् भने अर्कोतिर शिक्षा आयातका नाममा वार्षिक करोडौं लगानी बाहिरीरहेको छ । दश जोड दुइ सकिना साथै अधिकांश शहरियाको आकर्षण युरोप र अमेरिका बनेको छ र अध्ययन पश्चात त्यही बसोबास गर्ने यूवाहरूको भीड च्याउ सरी उम्रिएका कन्सल्टेन्सीबाट थाहा हुन्छ । बितेका दुइमहिना अगस्ट र सेप्टेम्बरमा मात्रै करीब आठ हजार नेपाली विद्यार्थी युरोप छिरेका छन् यसरी युरोप र अमेरिका छिरि नफर्कने युवाहरूको प्रवृत्तिले प्रकारान्तमा देशलाई ठूलो असर पार्दछ । यसतर्फ प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समिति बैठक सराकारको ध्यानाकर्षण गराउन चाहन्छ ।

यसरी प्रायः जसो सामुदायिक विद्यालयमा विद्यार्थी संख्या घट्दै जानु, दक्षजनशक्ति पलायन हुँदै जानु, अंग्रेजी शिक्षण पद्धतिमा मात्रै समाजको बढी आकर्षण देखिनु, शैक्षिक पाठ्य सामग्रीमा राष्ट्र र राष्ट्रियता सम्बन्धी विषयवस्तुहरू ओझेलमा पर्नु आदि कारणले गर्दा शिक्षाक्षेत्र पछाडि परिरहेको छ त्यसैले सबै जातजाति भाषाभाषीको संरक्षण गर्दै शिक्षाक्षेत्रलाई समयानुकूल विकास गर्दै लैजान यो बैठक जोडदार माग गर्दछ । सरकारी शिक्षण संस्थामा शिक्षणपद्धति उत्साहजनक नपाइने, विद्यार्थी दलगत राजनीतिमा सहभागी हुने जस्ता कारणले गर्दा शिक्षाक्षेत्र विकासको संवाहक बन्न नसकेको तथ्य जानकारी गर्दै शिक्षण संस्थालाई पारदर्शीरूपमा काम गर्ने वातावरणको योजना गर्न यो केन्द्रीय कार्यकारिणी समितिको बैठक शिक्षा मन्त्रालयसंग सोही अनुरूपको योजना तर्जुमा गर्न जोडदार माग गर्दछ ।

ज्ञान शील एकता

# प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल

## केन्द्रीय कार्यकारिणी समिति बैठक

## १७-१८ मंसीर, २०६७, काठमाडौं । नेपाल

प्रस्ताव क्रमाङ्क-२

## आर्थिक प्रस्ताव

राजनीतिक अस्थिरताले गर्दा आर्थिक क्रियाकलापहरु जस्तै उत्पादन, उपभोग, विनिमय, वितरण लगायतका अन्य गतिविधिहरूमा नकारात्मक असर पर्ने हुँदा समग्र अर्थतन्त्रको लागि राजनीतिक अस्थिरता अभिशाप सिद्ध भएको तथ्य लामो समयसम्म राजनीतिक अस्थिरताबाट ग्रसित केही देशहरूको इतिहासबाट प्रष्टै हुन्छ । संयुक्त परिवार, घरेलु उद्योगधन्दा, स्वदेशी उत्पादनले लगभग स्थानीय वस्तुहरूको माग धान्न सक्ने अवस्था हुनु आदिजस्ता विशेषताहरूले गर्दा नेपाली अर्थतन्त्र राजनीतिक उथलपुथलका बावजुद पनि केही हदसम्म सुदृढ थियो । तर विस्तारै विश्व बजारसँगको सम्पर्क एवं व्यापार विस्तारपछि क्रमशः नेपाली अर्थतन्त्र परनिर्भर हुने क्रम बढ्दो छ । यसरी समग्र देश ओरालो लाग्दै गर्दा पनि सरकार तथा सरोकालवाला निकायबाट गम्भीरतापूर्वक ठोस कदम नचालिएकोमा प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक चिन्ता एवं घोर आपत्ति प्रकट गर्दछ ।

विशेष गरी लामो द्वन्द्व र अस्थिर सरकारका कारण नेपाली अर्थतन्त्र विस्तारै कमजोर हुँदै गइरहेको छ । लामो द्वन्द्व र मन्द विकास निर्माणको समयमा समेत रेमिटान्सले धानेको अर्थतन्त्र विश्व मन्दीसँगै विस्तारै ओरालो लाग्न थालेको तथ्य हालसालै प्रकाशित कमजोर आर्थिक परिसूचकले बताउँदछ । एकातिर गरीबी घट्दै गएको सरकारी तथ्यांक प्रकाशित भएको छ भने अर्कोतर्फ दोहोरो अंकको मुद्रास्फीति, न्यून आर्थिक वृद्धिदर, प्रतिकूल भुक्तान सन्तुलन, बढ्दो बेरोजगारी जस्ता समस्याहरूबाट नेपालको अर्थतन्त्र ग्रसित हुँदै गइरहेको छ । विश्वबैंकले नेपालले चालू आर्थिक वर्षमा ३ प्रतिशत आर्थिकवृद्धिदर हासिल गर्ने प्रक्षेपण गरेको छ भने नेपाल सरकारले चालू बजेट वक्तव्य माफत् ४.५ प्रतिशत आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य राखेको छ । यस्तै यो वर्ष मुद्रास्फीति ११.८ प्रतिशत रहने प्रक्षेपण विश्वबैंकले गरेको छ भने नेपाल सरकारले चालू बजेट मार्फत् ७ प्रतिशत रहने प्रक्षेपण गरेको छ । यस वर्ष खाद्यपदार्थको मूल्य औसत १८ प्रतिशतले बढेको छ भने चिनीजन्यपदार्थको बजारभाउ करीब ४६ प्रतिशतले बढेको छ । ४.५ प्रतिशतको आर्थिकवृद्धिमा दोहोरो अंकको मुद्रास्फीति पाइनु पक्कै पनि राम्रो होइन । विगतका ४ वर्षमा औसत मुद्रास्फीति लगभग ९ प्रतिशत रह्यो । आ.व. २०६५/०६६ मा त मुद्रास्फीति दर १३.२ प्रतिशत रह्यो । चालू आर्थिकवर्षमा मुद्रास्फीति ७ प्रतिशतमै कायम राख्ने सरकारको लक्ष्य त्यति सहज देखिँदैन । यसले गरीब र मध्यमवर्गको जीवनस्तरमा नकरात्मक प्रभाव पार्नेछ । यसरी न्यून आर्थिकवृद्धिदर र उच्च मुद्रास्फीति दीगो विकासका लागि राम्रो होइन । यसप्रति प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक सरकारको ध्यानाकर्षण गराउँदै आवश्यक कदम चाल्न जोडदार माग गर्दछ ।

विगत र वर्तमानका पञ्चवर्षीय, अन्तरिम योजना र बजेट मार्फत् जे जस्ता विकासका योजना अघिसारे पनि देशमा खाद्यसंकटग्रस्त जिल्ला र स्थानको संख्या क्रमशः बढिरहेकै छ । सिंचाइ सुविधाको अभावमा कृषकले समयमै खेतीपाती गर्न पाइरहेका छैनन् । जलस्रोतको देशमा लोडसेडिङ्ग बढ्दो छ । आयातमा उल्लेख्य वृद्धि भएको तर निर्यात घटेकोले व्यापार घाटाको आयतन बढ्दै गएको छ । लामो समयपछि शोधनान्तर स्थिति ऋणात्मक रह्यो । बन्द, हड्ताल, युनियनको हस्तक्षेप, ऊर्जासंकट आदिले गर्दा निर्यातजन्य उद्योगमाथि प्रतिकूल प्रभाव पार्‍यो । न्यून आर्थिक वृद्धिदर, बढ्दो मूद्रास्फीति दर आदिका कारण आर्थिक विकासको गति प्रतिकूल ढंगबाट प्रभावित भइरहेको छ । बढ्दो मूल्यवृद्धिले गर्दा क्रयशक्ति क्षमतामा ह्रासआई जीवनस्तरमा पर्न गएको प्रतिकूल प्रभावले गर्दा समग्र आर्थिक प्रणालीमाथि नै प्रश्न चिन्ह खडा भएको छ । त्यसैले समग्र अर्थतन्त्रको उत्थानका लागि नेपाली अर्थतन्त्रको मेरूदण्ड कृषिलाई प्राथमिकता दिई कृषिउपज वृद्धि गर्न किसानलाई सहुलियतदरमा मलखाद उपलब्ध गराउन, सिंचाइ सुविधा बढाउन र कृषिमा नयाँ नयाँ प्रयोगलाई विस्तारित गर्दै

लैजान, कृषि उपजको भण्डारणको लागि विभिन्न विकासक्षेत्र, अञ्चल र जिल्लामा गोदामको व्यवस्था गरी कृषकको अन्नबाली सरकारले किन्ने व्यवस्था मिलाउन नेपाल सरकारसँग प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक माग गर्दछ ।

राजनीतिक अस्थिरताकै कारण आर्थिक अनियमितताका ठूला ठूला घटना घट्दा पनि सरकार र सम्बन्धित निकायले सम्बन्धित पक्षलाई कारवाही गर्न सकेको छैन । केही वर्ष अगाडि गोल्डक्वेष्ट, डियोसफ्ट, प्राइम इन्टरनेशनल जस्ता नेटवर्क कम्पनीले नेपाली जनताको पैसा कुम्लाएको घटनामा यस वर्ष युनिटी लाइफ इन्टरनेशनल पनि थपियो । नेपालीको अर्बौं पैसा गुम्यो तर अझैसम्म कसैलाई कारवाही भएको छैन । राजनीतिक अस्थिरताकै आडमा गैरकानुनीरूपमा ठूलो मात्रामा डलर हङकङ पुऱ्याउने समूह तथा सहयोगी कसैमाथि पनि कारवाही भएको सुन्नमा आएको छैन । यस्ता घटनाले दीर्घकालमा अर्थतन्त्रमाथि ठूलो धक्का लाग्नेछ । तर अस्थिर शासनप्रणालीको आड लिई सरकारलाई कर नतिर्ने, कर छल्ने, गैरकानुनी क्रियाकलाप सार्वजनिकरूपमा गर्दा पनि सरकारी प्रशासन हात बाँधेर बस्नुपर्ने त्यस्तो के बाध्यात्मक अवस्था छ ? परिणामतः दक्ष जनशक्तिको सही सदुपयोग हुन सकिरहेको छैन भने साथै त्यस्तो जनशक्ति विदेशिने क्रम पनि बढ्दो छ । त्यसैगरी आईएनजिओमाथि सरकारी नियन्त्रण कम देखिनु, आईएनजिओ एनजिओ बन्ने तरखरमा जाँदा समेत सरकारले आईएनजिओ सम्बन्धी विशेष नीति ल्याउन नसक्नु आदि गम्भीर चासोका विषयवस्तु बनेका छन् । त्यसैले आर्थिक सुशासन कायम गराउँदै आर्थिक उद्दण्डता रोकी देशलाई विकासको मार्गमा लैजान प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक सरकारसंग माग गर्दछ ।

बढ्दो राजनीतिक अस्थिरता, संविधान निर्माणमा ढिलाई, शान्ति प्रक्रियामा सुस्तता, उद्योग व्यवसायमा बढ्दो असुरक्षा, विकास बजेटको सदुपयोग नहुनु, विकासमा विकृति देखिनु, विश्व प्रतिस्पर्धात्मक सूचीमा नेपाल विगतभन्दा ५ स्थान तल झर्नु, विद्युत् आपूर्तिमा विश्वमै सबैभन्दा अन्तिम स्थानमा पुग्नु समग्र नेपाली अर्थतन्त्रमा गम्भीर चासोका विषयवस्तु बनेका छन् । समयमै बजेट नआउनु, संसदमा बजेट प्रस्तुत हुन लाग्दा पनि सभासद्हरूद्वारा असभ्य आचरण देखाइनु, अझै पनि संघीयताको स्पष्ट खाका नआउनु सधैं विस्तारवाद र विदेशी प्रभु भनी गाली गर्ने तर नेपालीलाई राष्ट्रनिर्माणका मार्गमा लाग्न प्ररित गर्ने गरी आफू उदाहरण बन्न नसक्ने राजनीतिक परिपाटीबाट नेपाली जनता वाक्क भइसकेको तथ्य जाहेर गराउँदै साथै यस्तो क्रम अझै दोहोरिइरहने हो भने अब जनताले फेरी अर्को जनआन्दोलन गरी राजनीतिक दलको अस्तित्व नै संकटमा नपार्लान् भन्न सकिन्न भन्दै प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक सरकारको समयमा नै सद्बुद्धि आओस् भनी सचेत गराउन चाहन्छ ।

सन् २०११ लाई नेपाल पर्यटन वर्षको रूपमा मनाउने घोषणा गरिए तापनि नेपाल सरकारले यसका लागि खासै तयारी गर्न नसकेकोमा परिषद्को यो केन्द्रीय कार्यकारिणी समितिको बैठक घोर आपत्ति प्रकट गर्दछ । नारा र प्रतिबद्धतामा मात्रै सिमित रहेको योजनाले पक्कै पनि पर्यटक मार्फत् विदेशी मुद्रा स्वदेशमा भित्राउने योजना पूर्ण सफल नहुने जस्तो देखिन्छ । त्यसैले नेपाल सरकारले सांस्कृतिक धरोहर, मठ मन्दिरको जग्गामा सपिङ्ग कम्प्लेक्स बनाउनुको साटो पुरातन वस्तुको जगेर्ना गर्दै त्यस्ता स्थानलाई पर्यटकीय आकर्षणको केन्द्र बनाउने, धार्मिक तथा सांस्कृतिक महत्व बोकेका स्थानसम्म पुग्ने पूर्वाधारको विकास निर्माण गर्ने, प्रचार प्रसार गर्ने तथा वातावरणीय प्रदूषण रोक्ने जस्ता कार्य तुरुन्त गर्नुपर्दछ । जसले गर्दा यी सामान्य कामबाट पनि पर्यटकको मन जित्न सकिन्छ र नेपालीपन जोगाउँदै नेपाललाई उत्कृष्ट गन्तव्यको स्थल बनाउन सकिन्छ भन्दै प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक नेपाल सरकारलाई यो सुझाव पेश गर्दछ ।

तसर्थ लगानीमैत्री वातावरणको सिर्जना गर्दै विकास खर्च समयमै सही ठाउँमा गर्ने व्यवस्था मिलाउनका लागि, देशमा पर्याप्त रोजगारीका अवसरहरूको सिर्जना गर्दै नेपालीको जीवनस्तर उकास्नका लागि, देशका दक्षजनशक्तिलाई स्वदेशप्रति नै आकर्षित गर्नका लागि र आर्थिक परनिर्भरता कम गर्दै लैजानका लागि, समग्र राजनीतिक व्यवस्थामा सूधार ल्याउन तथा असली राष्ट्रवादको भावना आम नेपालीमाझ फैलाउन प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक नेपाल सरकारसँग अपील गर्दछ ।

ज्ञान शील एकता

# प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल

**केन्द्रीय कार्यकारिणी समिति बैठक**

**१७-१८ मंसीर, २०६७, काठमाडौं । नेपाल**

**प्रस्ताव क्रमाङ्क-३**

## राष्ट्रिय महत्वको विशेष प्रस्ताव

**सनातन पूर्वीय नेपाली संस्कृतिको संवाहक यो भूमी समग्र संस्कृति, सभ्यता, मानवता र शान्तिको दिव्य मुकुट हो । यही भूमिमा मानवता र पूर्वीय संस्कृतिको उद्‌गम, खोज सम्बर्द्धन र प्रबर्द्धन भएको थियो । हाम्रै हिमाली शितल पावन पद्धतिबाट पूर्वीय दर्शनमा जीवन्तता मिलिरहेको छ । ऋषि-मुनीहरूको तपोभूमि, अध्यात्म ज्ञान र शान्ति केन्द्रको रूपमा यो भूभाग सबैलाई आनन्दको अनुभूति दिने स्रोत भूमि रहेको छ । नेपाल समग्र जीवनदर्शनको त्यो महान् सन्देशको प्रेरणा भूमि हो जसले सँधै भोग होइन त्याग, विकार भरिएको जड शरीर होइन आन्तरिक ज्ञानको पूर्णताले एकात्मभावनाको प्रतिनिधित्व गर्दछ, मानसपटलमा उपस्थित हुने चञ्चल तरङ्गमाला होइन अत्यन्तै गुह्यतत्वको अविचलित स्थितिको वर्णन गर्दछ । यो उत्कृष्ट जीवनदर्शन कुनै समृद्धशाली नगरको शान र मान तथा भौतिकताको अहम्‌ताबाट प्राप्त भएको होइन । यही पवित्र देव भूमिका कुना, कन्दरा, हिमालय र गुफामा ऋषिमुनी र तपस्वीहरूले गरेका चिन्तन, अध्ययन र खोजबाट प्राप्त भएको हो । जुन विचारले सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयः सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्भवेत् र विश्व एउटा परिवार हो (वसुधैव कुटुम्बकम्) प्रवाह गरे ।**

**त्यस्तो देशमा खोक्रो आधुनिकताको विकृति र विसंगतिले प्रशिक्षित तथाकथित विद्वान्‌हरू र प्रशासकहरूको गैर-जिम्मेवारीपूर्ण योजनाको गलत निर्णयले विश्वकै हिन्दूहरूको पवित्र श्रद्धाकेन्द्र देव भूमि मुक्तिनाथक्षेत्र लगायत नेपालका अन्य धार्मिकस्थल पशुपति, बुढानीलकण्ठ, पाथिभरा, कृष्णमन्दिर भक्तपुरलगायतका धार्मिक स्थलहरूमा मित्रराष्ट्रहरूका हिन्दू दर्शनार्थीहरूलाई गरिने तुच्छ यवहार, उनीहरूलाई लगाइने रुट प्रमिट, कर, गाडि भाडामा अलग-अलग लिइने भाडादर जस्ता गलत प्रवृत्तिको प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक घोर आपत्ति प्रकट गर्दछ । त्यस्ता गलत नियम र प्रवृत्तिहरू नेपालको माटो र नेपाली चिन्तन, विचार विरोधी हुन् भन्ने परिषद्को निष्कर्ष रहेको छ । मुक्तिनाथ जस्तो पवित्र धार्मिकस्थललाई ब्रिटिशको** RECAP **जस्तो क्रिश्चियन संस्थालाई ठेक्का दिने निर्णयको पनि विद्यार्थी परिषद् घोर आपत्ति प्रकट गर्दै तत्काल मुक्तिनाथक्षेत्रको संरक्षण, सम्बर्द्धन र प्रबर्द्धनको ठेक्का नेपाली अथवा कुनै हिन्दूहरू संलग्न रहेको संस्थालाई दिन नेपाल सरकारलाई माग गर्दछ ।**

**हाम्रो देश आध्यात्मिक, धार्मिक र सांस्कृतिक उचाइको प्रतीक हो । हिमालय र यहाँका सांस्कृतिक धरोहरहरूका क्षेत्रहरू हाम्रा गौरव हुन् । अटलता, दृढता एवं संकल्पका प्रयाय हुन् । हाम्रा हिमाल पवित्र धार्मिकस्थल र सांस्कृतिक परिचानलाई पन्छ्याउने हो भने सम्पूर्ण विश्व एक विशाल मरुभूमिको रूपमा दृष्टिगोचर हुन्छ । भगवान् श्रीकृष्णले गीतामा यज्ञानां जपयज्ञोस्मि स्थावराणां हिमालय अर्थात् हिमालयलाई आफ्नो स्वरूप बताउनु भएको छ । यस्तो पवित्र स्थलमा उनै भगवान्‌का भक्तहरूलाई दर्शन गर्न आउँदा दुर्व्यवहार गर्नु, अनावश्यक कर लगाउनु, गाडि भाडामा भेदभाव गर्नु, नेपाल र सम्पूर्ण नेपालीको इज्जत र प्रतिष्ठामा नै आँच आउने विषय भएकाले परिषद्को यो बैठक तत्काल सम्पूर्ण गलत नियम एवं प्रवृत्तिहरूलाई सच्याइ धार्मिकस्थल र क्षेत्रहरूमा विश्वका सबै हिन्दूहरूको आगमन, भ्रमण र प्रवेशलाई समान, सरल र सुविधायुक्त वातावरण निर्माण गर्नको लागि उक्त गम्भीर विषयहरू माथि नेपाल सरकारको विशेष ध्यानाकर्षण गराउँदछ ।**